नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. :०५३-५५०१३३
:०५३-५५०१६६
फ्याक्स :०५३-५५०००

बारा,
कलैया, नेपाल।

पत्र संख्या:-२०७९/८०
चलानी नं.

## नागरिकता सम्बन्धमा जारी सूचना

(मिति :- २०८०।०३।०८)

जन्मको आधारमा नागरिकता प्राप्त गरेका नेपाली नागरिकताको सन्तानलाई नेपालको नागरिकता प्राप्त गर्न तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यस कार्यालयमा मिति २०८०/०३/१० गते देखी कार्यालय समयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल :-

१ वडा अध्यक्षको सिफारिस सहितको अनुसूचीः-१ फाराम,

२ बाबु र आमाको सक्कल नेपाली नागरिकता र सो को फोटोकपि (हजुर बुवाको समेत नागरिकता प्रतिलिपि उपलब्ध भएमा)

३ सक्कल जन्मदर्ता र सो को फोटोकपि,

४ स्थानीय तहबाट स्थायी बसोबास प्रमाणित/किटानी सिफारिस,

५ पारिवारिक विवरण(नेपालमा कहिले देखि बसोबास गरेको तथा हाल के पेशामा संलग्न रहेको खुलेको कागजात)

६ बाबु, आमा तथा नागरिकताका लागि आवेदन दिने सन्तान बीचको फोटो सहितको सक्कल नाता प्रमाणित,

७ जग्गाधनी प्रमाण पुर्जा (सन्तानको नामको/आमा/वुबा) वा व्यवसाय दर्ता प्रमाणपत्र, PAN कार्ड, बिजुली/खानेपानी/टेलीफोन लगायतको बिल, बाबु र आमाको मतदाता परिचय पत्रको प्रतिलिपि,

८ बसाई सराई गरि आएको हकमा सक्कल बसाईसराई दर्ता प्रमाण पत्र र सो को फोटोकपि,

९ शैक्षिक योग्यता प्रमाणपत्र (विदेशी मुलुकबाट अध्ययन गरेको भए नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट व्यक्तिको नाममा गरि दिएको समकक्षता निर्धारण)/ नाबालक परिचयपत्र,

१० आमाको ना.प्र.प्र.मा पतिको नाम समावेश नभएको हकमा वुवा र आमा विचको विवाहदर्ता प्रमाण-पत्रको प्रतिलिपि

११ बुवा/आमाको मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाण-पत्रको सक्कल र सो को प्रतिलिपि ।

१२ २०६३ सालको टोलीमा नाबालक दर्ता गराएको भए सो को निस्सा,

१३ आवश्यकता अनुसार, वडा सर्जमिन, प्रहरी सर्जमिन, कार्यालयबाट खटिई गएको कर्माचारीहरुबाट स्थलगत सर्जमिन बुझ्न सकिने,

१४ २०७६ सालमा यस कार्यालयमा निवेदन दर्ता गराई टोकन प्राप्त गरेका सेवाग्राहीहरुले पुनः यसै सूचना अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नु पर्नेछ ।

१५ सेवा प्रवाहमा सहजता र सेवाग्राहीको सुविधाको लागि **First Come First Service** (पहिलो आउने पहिले सेवा लिने) प्रणाली अवलम्बन गरि टोकन जारी गरिने छ ।

२०८०।०३।०८

(नवराज सापकोटा)
प्रमुख जिल्ला अधिकारी